नेपाल सरकार

**प्रदेश प्रमुख**
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

# नयाँ वर्ष, २०८२ सालको शुभकामना सन्देश

नयाँ वर्ष, २०८२ साल आरम्भ भएको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख , शान्ति, समृद्धि, सुस्वास्थ्य , दीर्घायु एवम् सुखद् भविष्यको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

नयाँ वर्षको आगमन सँगै जीवनमा नवीन योजनाहरु तय गर्ने तथा आगामी दिनमा असल र राम्रो कामको लागि प्रतिज्ञा गर्दै सुमार्गमा हिड्न प्रेरणा दिने पर्वको रुपमा खुसी र हर्षोल्लासपूर्वक मनाइने यो पर्वलाई सुदूरपश्चिम प्रदेशमा विशु पर्वका रुपमा समेत मनाईने गरिन्छ । नयाँ वर्षले सबै नेपालीहरु बीच सामाजिक सद्भाव, सहिष्णुता एवम् राष्ट्रिय एकता अक्षुण्ण राख्न सघाउ पुगोस् भन्ने कामना गर्दै हाम्रा यस्ता पर्वहरुले विभिन्न जातजाति र समुदायको आफ्नो मौलिक संस्कृति तथा परम्पराको संरक्षण , सम्वर्द्धन र विकासमा टेवा पुर्याउनुका साथै एक आपसमा आपसी प्रेम, सद्भाव र आत्मीयता अभिबृद्धि गर्दै जानेछ भन्ने विश्वास मैले लिएको छु ।

अन्तमा, नयाँ वर्ष, २०८२ ले देशको दिगो शान्ति , सुदृढ राष्ट्रिय एकता र सामाजिक सद्भावसहित आर्थिक समृद्धिलाई नयाँ उचाइमा पुर्यामउँदै समस्त नेपालीजनहरुमा नयाँ उमंग र हौसलाकासाथ मुलुकको प्रगतिमा अग्रसर हुने प्रेरणा मिलोस् भन्ने कामना सहित पुन: हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८२ वैशाख ०१ गते सोमबार

नजिर मियाँ
**प्रदेश प्रमुख**